राक्सिराङ सरकारको 'घर उपहार'का लागि निवेदन नै परेन । पृष्ठ ४ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१६, अंक-३८ ● २०८० चैत्र १९ गते सोमबार, ● 01 April, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

मकवानपुर जिल्लाका

## १३ हजारले लिए श्रम स्वीकृती



विकास संवाददाता
थाहानगर

मकवानपुर जिल्लाबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या १३ हजार १०१ पुगेको छ । यो संख्या मकवानपुरको कुल जनसंख्या ४ लाख ६६ हजार ७३ को २.८११ प्रतिशत हो । यो तथ्याङ्क बागमती प्रदेशका १३ जिल्ला मध्ये दोस्रो हो । प्रदेशको सबैभन्दा बढी वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिनेमा भने चितवन अग्र स्थानमा रहेको छ । चितवनका १५ हजार ८२३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । यो संख्या चितवन जिल्लाको कुल जनसंख्याको २.१९८ प्रतिशत हो ।

धादिङका १२ हजार ५४० अर्थात ३.८५० प्रतिशतले श्रम स्वीकृति लिएका छन् । सिन्धुलीका १२ हजार ३ अर्थात ४.००१ प्रतिशत, काठमाडौँका ११ हजार ९४८ अर्थात ०.५८५ प्रतिशत नागरिकले श्रम स्वीकृति लिएका छन् । सिन्धुपाल्चोकका १० हजार ७६५ अर्थात ४.०९९, नुवाकोटका ९ हजार ९६६ अर्थात ३.७८४ प्रतिशत, काभ्रेका ७ हजार ६४८ अर्थात २.१०१ प्रतिशत, रामेछापका ७ हजार ५६२ अर्थात ४.४४० प्रतिशत, दोलखाका ६ हजार ५७१ अर्थात ३.८०३ प्रतिशतले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् ।

त्यस्तै ललितपुरका ३ हजार ८९२ अर्थात ०.७०५ प्रतिशत, भक्तपुरका ३ हजार ६८५ अर्थात ०.८५३ प्रतिशत र रसुवाका १ हजार ३९२ अर्थात २.९८१ प्रतिशत नागरिकले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् ।

बागमती प्रदेशमै भने १५ प्रतिशत नागरिकले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/०८० मा मात्र बागमती प्रदेशबाट कुल जनसंख्याको १५.१६ प्रतिशतले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् ।

बागमती प्रदेशका १ लाख १६ हजार ९३२ जनाले श्रम स्वीकृति लिएको विभागको तथ्याङ्कमा उल्लेख छ । जसमा २६ हजार १७० जना (२२.३८ प्रतिशत महिला रहेका छन् भने ९० हजार ७६२ जना (७६.६२ प्रतिशत) पुरूष रहेका छन् ।

## १५ वर्षमा मकवानपुरका १ सय ९३ जनाको वैदेशिक रोजगारीकै क्रममा ज्यान गुम्यो

◆ विकास संवाददाता

मकवानपुरमा १५ वर्षमा १ सय ९३ जना व्यक्तिले वैदेशिक रोजगारीको क्रममा ज्यान गुमाएका छन् । वि.सं. २०६५ सालदेखि २०८० को फागुनसम्म वैदेशिक रोजगारीको क्रममा ज्यान गुमाएको वैदेशिक रोजगार विभागको तथ्यांकमा छ । सुरक्षित आप्रवासन (सामी) परियोजना अन्तर्गत जिल्ला प्रशासन कार्यालय मकवानपुरमा रहेको आप्रवासी स्रोत केन्द्रले आर्थिक वर्ष २०६५/६६ देखि २०८०/८१ को फागुनसम्म १ सय ९३ जनाले ज्यान गुमाएको तथ्यांक सार्वजनिक गरेको छ ।

यसैगरी विगत १० वर्षमा वैदेशिक रोजगारीमा गएका मकवानपुरका ६२ जना बिरामी तथा अंगभंग भएको परियोजनाले उल्लेख गरेको छ । बागमती प्रदेशमा २०७५/७६ मा ९७ जनाको मृत्यु भएको सामी परियोजनाले जनाएको छ । देशभर २०६५/०६६ यता १५ वर्षमा ५ हजार २ सय ७९ जनाले वैदेशिक रोजगारको क्रममा ज्यान गुमाएको वैदेशिक रोजगार विभाग, कन्सुलर सेवा विभाग र बैदेशिक रोजगार बोर्डको तथ्यांक रहेको सामी परियोजनाले जनाएको छ ।

मकवानपुरबाट गतवर्ष ०७९/८० मा विदेशिनेहरू १३ हजार १ सय १ जना रहेको परियोजनाले जनाएको छ । तर, यस तथ्यांकमा अध्ययनका लागि विदेशिएकाहरू समेटिएका छैनन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट गतवर्ष राहदानी लिने २३ हजार ३ सय ८३ जना थिए ।

चालू आव २०८०/८१ को फागुनसम्म प्रशासनबाट ६ हजार ३ सय ५० जनाले राहदानी लिएको परियोजनाकी मकवानपुर संयोजक अञ्जिता थापा मगरले जानकारी दिइन् । मकवानपुरबाट चालू आवको फागुनसम्म ७ हजार ६ सय ४७ जनाले पुनः श्रम स्वीकृति लिएको र ५ हजार ३ सय ३७ जनाले नयाँ श्रम स्वीकृति लिएको तथ्यांक छ ।

## थाहानगरका इमान सिं सहित ३ जनालाई राष्ट्रपति कृषक पुरस्कार




◆ विकास संवाददाता

मकवानपुरका विभिन्न स्थानमा व्यावसायिक कृषि कर्ममा क्रियाशील तीन अगुवा कृषक जिल्लास्तरीय राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारबाट पुरस्कृत भएका छन् । जिल्लाको थाहा नगरपालिका वडा नम्बर. ७, डाँडाबास कृषि प्रालि मार्फत बाख्रा पालन गरिरहेका इमान सिं थिङ, मनहरी गाउँपालिका-७, रमौलीमा रवि व्यवसायिक कृषि फार्ममार्फत् कागती खेती गरिहरहेका मुना अर्याल र हेटौँडा-१७ स्थित विविआर एग्रो प्रालिमार्फत् वोयर जातको बाख्रा पालन गरिरहेहका कृषक भंकनाथ सुवेदी पुरस्कृत हुनुभका हुन् ।

तीनै जना कृषकलाई पशु सेवा कार्यालय हेटौँडा मकवानपुरले २९ फागुनमा एक कार्यक्रम गरी पुरस्कार प्रदान गरेको छ । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान र प्रमुख जिल्ला अधिकारी सुर्यप्रसाद सेढाईले राष्ट्रपति उत्कृष्ट पुरस्कारका लागि छनोट भएका कृषकलाई २५ हजार रूपियाँ नगदसहित सम्मान गरे । जिल्ला समन्वय समितिको संयोजकत्वमा चितवन ज्ञान केन्द्र सदस्य सचिव र पशु सेवा कार्यालय हेटौँडा मकवानपुर सदस्य रहेको समितिले बनाएको जिल्लास्तरीय उत्कृष्ट कृषक छनोट विधि अनुसार उत्कृष्ट ठहरिएका कृषकलाई पुरस्कार प्रदान गरिएको हो ।

पुरस्कारका लागि जिल्लाभरबाट ११ वटा प्रस्ताव दर्ता भएका थिए । तीमध्ये तीन कृषकलाई बनाइएको मूल्याङ्कनका विभिन्न मापदण्ड अनुसार छनोट गरिएको पशु सेवा कार्यालय मकवानपुरका प्रमुख डाक्टर बज्र किशोर ठाकुरले जानकारी दिए । पुरस्कार प्राप्त गर्ने डाँडावास कृषि प्रालिले बाख्रा पालनका साथै व्यवसायीक तरकारी खेती गर्दै आइरहेको छ । दुई पुस्तादेखि कृषि कार्यगर्दै आएको सञ्चालक इमान सिं थिङले बताए । उनको परिवारले ६० वटा खरिजात, जमुना पारी र वोयर जातको बाख्रा पालन गर्नुका साथैं पालुङ्मा मुला, बन्दा, काउली, आलुलगायतका तरकारी व्यवसायिक रूपमा गर्दै आएका छन् । उनले ४० रोपनीमा कृषि कर्म गर्नुभएको छ भने बाख्राको लागि जैं घास, सुपर नेपिएर, धुधिलो घाँस लगाएका छन् । उनले कृषि र बाख्रा पालनबाट बार्षिक करिव १४ लाख रूपियाँ आम्दानी गर्दै आएका छन् ।

त्यस्तै रवि व्यवसायीक कृषि फार्ममार्फत् २०६७ सालदेखि एकसय पाडापालनबाट सुरूवात गर्नुभएका अर्याललये २०६८ सालमा कुखुरा पालनदेखि कागती खेती, ड्रागन खेती गर्दै आएका छन् । करिव १२ का क्षेत्रफलमा सुन कागती, ड्रागन, कुरिलो खेती गर्दै आउनुभएका अर्यालले ५ जनालाई रोजगारी समेत दिएका छन् । उनले करिब एक करोड लगानीमा कृषि कर्म गर्दै आएका छन् । उनले अर्गानिक खेती समेत गरेका छन् । वार्षिक २० लाखसम्मको कारोवार गर्ने अर्यालले वार्षिक ६ लाखसम्म आम्दानी गर्ने गरेको बताउँछन् ।

विविआर एग्रो प्रालिका सञ्चालक भंकनाथ सुवेदीले बोयर जातको बाख्रापालन गर्दै आएका छन् । उनले व्यवसायीक रूपमा गर्नुभएको फर्म मार्फत बोयर जातको पाठापाठी उत्पादन गरेर बिक्री बितरण गर्दै आएका छन् । कुखुरा पालनबाट कृषिको व्यवसायीक यात्रा सुरू गर्नुभएका सुवेदी वर्ल्डफ्लुले सबै कुखुरा मरेपछि बाख्रा पालन व्यवसायमा लागेका हुन् । उनले अष्ट्रेलियाबाट वोयरजातको बोका ल्याएर बाख्रा पालन व्यवसाय सुरू गरेका छन् । उनले देशको ६५ जिल्लामा वोयरजातको बोका बिक्री गरेको बताउँछन् । सुवेदी युवा कृषक हुन् ।



# • सम्पादकीय •

## बढ्दो वायू प्रदुषण

हिउँदको समयमा प्रायः वायू प्रदुषको असर पर्ने गरेको छ । वनमा लाग्ने डढेलो, इँटा भट्टाहरुले भ्याँक्ने धुवाँ, सिमेन्ट कारखानाहरुले बाहिर निकाल्ने धुलोका कणहरु, विभिन्न कारखानाहरुले फैलाउने प्रदूषण, शहर बजारको फोहोरले हावालाई दूषित बनाइरहनु, प्लाष्टिकजन्य भाँडाकुडा, बोतल र अन्य पदार्थ जलाउँदा उन्पन्न हुने धुवाँ आदि कारणहरुले विशेषत दक्षिण एसियाको आकाश प्रदूषणले भरिएको छ । जसको कारण यो क्षेत्र क्रमशः वायुप्रदूषणको शिकार हुँदै गएको तथ्य विभिन्न अध्ययनहरुले देखाएका छन् । यो क्षेत्रमा फोहोर रेलवे र अन्य यातायातका साधनहरु पनि वायुप्रदूषणका कारक बनेका छन् । वायुप्रदूषण फैलाउने कार्यमा नेपालको भूमिका अन्य औद्योगिक देशको तुलनामा कम छ । तर पछिल्लो समयमा चुनढुङ्गाको उत्खनन्, सिमेन्ट कारखाना निर्माण गर्ने लहर र डढेलोले थप समस्या पैदा गर्दै आएको छ । स्टेट अफ ग्लोबल एयर २०२० ले एउटा प्रतिवेदन सार्वजनिक गरेको थियो । जस अनुसार नेपालमा वायुप्रदूषणको कारण प्रत्येक वर्ष ४२ हजार एक सयजनाले ज्यान गुमाउँछन् । विश्व बैंकले हालै सार्वजनिक गरेको प्रतिवेदन अनुसार वायु प्रदूषणबाट विश्वमा प्रत्येक वर्ष विसौं लाख मानिसहरुले ज्यान गुमाउँछन् । त्यसरी मृत्यु हुनेमा माथिल्लो आँकडा एसियाको देखिन्छ ।

दक्षिण एसियाका वायुप्रदूषित शहरहरुमा नेपालको काठमाडौं, बंगलादेशको ढाका, भारतका कलकत्ता, दिल्ली, बनारस, पटना, लखनउ, पाकिस्तानको इस्लामावाद र अफगानिस्तानको काबुल अग्रपङ्तिमा छन् । यी शहरमा पनि काठमाडौंलाई सबभन्दा धेरै वायुप्रदूषित शहरका रुपमा रहेको भनिन्छ । विश्वका एक सय एक शहरहरुको रियल टायम प्रदूषण मापन गर्ने आइक्यु एअर नामक संस्थाले एक महिना अगाडि सार्वजनिक गरेको एक अध्ययन रिपोर्टले काठमाडौंलाई सबभन्दा धेरै वायुप्रदूषणको रुपमा किटान गरेको छ । काठमाडौ यति धेरै प्रदूषित वायुयुक्त शहर हुनुका पछाडि धेरै कारणहरु छन् । प्रथमतः काठमाडौंको फोहोर को सही र वैज्ञानिक व्यवथापन हुन नसक्नु । द्वितीयः काठमाडौं उपत्यका नै कचौरा आकारको हुनु मुख्य कारण हुन् । समग्र दक्षिण एसियाको वायुप्रदूषण यही ढंगले बृद्धि हुँदै जाने हो भने सन् २०३० सम्म पुग्दा यो क्षेत्रमा वायुप्रदूषणको मात्रा थप १२ प्रतिशतले बढ्ने कुरा यस सम्बन्धी अध्ययन गर्ने संस्थाहरुले जनाएका छन् । वायुप्रदूषणको मात्रा धेरै बढ्यो भने सर्वप्रथमतः स्वासप्रस्वास सम्बन्धी रोग, फोक्सोको क्यान्सर, छाला सम्बन्धी रोग लाग्ने र पाचनप्रणाली नै खराब हुने कुरा स्वास्थ्यविदहरुले बताउँछन् । विश्व स्वास्थ्य संगठनले वर्षेनि वायुप्रदूषणबाट लाग्न सक्ने रोगहरुका विषयमा जानकारी र सचेतनाका कार्यक्रमहरु सम्प्रेषण गरिरहन्छ । वायुप्रदूषणको नियन्त्रणको विषयमा विश्व स्वास्थ्य संगठनले सचेत पनि गराइरहेको हुन्छ । वायुप्रदूषणले मानव तथा अन्य जीवजन्तुको स्वास्थ्यमा खरावी ल्याउने काम मात्र गर्दैन पर्यावरणलाई पनि उत्तिकै बिगार्छ ।

आज विश्वमा जलवायु परिवर्तन र ग्लोबल वार्मिङको जुन समस्या पैदा हुँदै आएको छ त्यसका पछाडिको कारक तत्व वायुप्रदूषण हो । दक्षिया एसियामा अझै वायुप्रदूषण ठूलो समस्या बनिरहेको परिदृष्यमा यस्तै रफ्तार कायम भएमा सन् २०३० मा १२ प्रतिशतले वायुप्रदूषण बढ्ने प्रक्षेपण यो भूगोलको लागि ठूलै चुनौती बन्दै गएको छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# तपाईं कार्यकर्ता, जनता कि नागरिक ?



◆ लालबहादुर बोहरा

केही दिन अगाडि विदेशीमूलकी एकजना शिक्षकसँग साक्षात्कार गर्ने अवसर पाएँ । हामी दुवैजना शिक्षक भएर होला, हाम्रो कुराकानीको विषयवस्तु पनि बढी शिक्षण पेशासँगै सम्बन्धित थियो । कुराकानीकै क्रममा मैले उनीसँग त्यहाँका शिक्षकहरू राजनीतिक दलसँग कत्तिको आबद्ध हुन्छन् भनेर सोधें ।

उनले अचम्म मान्दै भनिन्, 'शिक्षक ? दलसँग आवद्ध ? दलीय शिक्षक ? नाइँ नाइँ, त्यसो त कल्पना समेत गर्न सकिंदैन ।'

मेरो सवालमा उनी अत्यन्त जिज्ञासु हुँदै हाम्रो यथार्थ बारे बुझ्न खोजिन्। जवाफमा मैले भनें, 'हामीकहाँ त राजनीतिक दल विशेषकै शिक्षक संघ/संगठनहरू छन् र प्रायः सबै शिक्षकहरू पनि त्यसरी नै खुल्लमखुला आबद्ध हुने व्यवस्था छ।'

त्यसपछि त उनी थप चकित मात्र होइन, हाम्रो शिक्षा प्रणालीप्रति चिन्तित भइन् । २१औं शताब्दीमा पनि यो के सुन्नु परेको भन्दै खिन्नता व्यक्त गरिन् । तर, दलीय दलदलको संस्कारमा चुर्लुम्म डुबेका हाम्रा लागि भने उनको त्यो चिन्ता त्यति महत्त्वको रहेन। मैले पनि यहाँ यस्तै छ भन्दै प्रसङ्गलाई बिट मार्ने प्रयास गरें । प्रसङ्ग हामीकहाँ शिक्षकको मात्र हैन प्राध्यापक, राष्ट्रसेवक कर्मचारी, कानुनविद्, पत्रकार लगायत क्षेत्रमा पनि यो वा त्यो रूपमा दलीयकरण छ । हरेकमा दलविशेषका संघ/संगठनहरू छन् । तत्-ततमा आबद्ध हुन वा गराउनका लागि तँछाडमछाड देखिन्छ । ती संघ/संगठनहरूले माउ पार्टीका भ्रातृ तथा भगिनी अंगहरू झैं दलीय व्यवहार, विचार आदिको भरणपोषण गर्ने गर्दछन् । आखिर हामीकहाँ मुख्यगरी बौद्धिक कहलिने तिनै प्राध्यापक, शिक्षक, कर्मचारी, पत्रकार, कानुनविद् आदिका साथै चिन्तक, विश्लेषक, विषयविज्ञ आदि त हुन् । थप त्यसमा भूतपूर्व भइसकेका तिनकै अगुवाहरू पनि । समग्रमा भन्दा हाम्रो बौद्धिक समुदाय प्रत्यक्ष रूपमा दलीय राजनीतिको दलदलमा लीन छ । यो लेख मार्फत मैले बौद्धिकताको अन्तर्य, विश्वदुनियाँको अभ्यास र हाम्रो यथार्थताका बारेमा चित्रण गर्ने प्रयास गरेको छु ।

अंग्रेजी शब्दकोशका अनुसार बौद्धिक समुदाय त्यो हो जसले अध्ययन, अनुसन्धान, लेखन तथा अनुभवका आधारमा नयाँ ज्ञानको सिर्जना; समालोचनात्मक चेतसहित त्यसको प्रसारण र सामाजिक मूल्यमान्यताको अगुवाइ गर्ने गर्दछ। बौद्धिक समुदायको यही यथार्थतालाई आधार मानेर हेर्ने हो भने त्यसमा आबद्ध व्यक्तिहरू कुनै पनि राज्यका अगुवा नागरिक हुन्।

मानवीय चेतनाका मुख्य स्रोत हुन्। संस्कारयुक्त बोलीचाली, व्यवहार, जीवनशैली आदि सहितको सामाजिक मूल्य-मान्यताका परिचायक हुन्। ज्ञान-विज्ञानको खोज तथा अनुसन्धान गरी उत्पादन, प्रसारण र संरक्षण गर्ने संवाहक हुन्। कुनै पनि देशको राजनीति र राज्यव्यवस्थालाई दिशानिर्देशसहित गन्तव्यउन्मुख गराउने मूल साधक हुन् आदित्यादि। बौद्धिकताको यही र यस्तै मर्मलाई बुझेर होला विकसित मुलुकहरू बौद्धिक र बौद्धिकताको संरक्षणमा छन्। र ाज्यनिहित सीमाभित्रकैले नपुगेर विश्वभरि बाट आकर्षक नोकरी, बसाइसराइको सहजता, आदिका मार्फत भित्र्याउने ध्याउन्नमा छन्। राज्यले बौद्धिक समुदायलाई दलविशेषमा विभक्त गराउने भन्दा उनीहरूको स्वतन्त्र विकास, समृद्धि र प्रस्फुटनमा उत्प्रेरित गराउने नीति लिएको हुन्छ। उनीहरूको कार्यदक्षता, पेशागत उन्नति तथा बौद्धिक विकासका लागि राज्यले नै विभिन्न खालका वृत्ति मार्फत देश र विदेशमा अध्ययन तथा अनुसन्धानका लागि पठाउने गर्दछन्।

संस्कृतमा एउटा भनाइ नै छ, 'स्वदेशे पूज्यते राजा, विद्वान् सर्वत्र पूज्यते।' त्यसैले होला, बौद्धिकताका मार्फत राज्यलाई अतुलनीय योगदान पुऱ्याएबापत बौद्धिकहरूलाई निष्पक्ष तवरले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभूषित समेत गरिन्छ । अठारौं शताब्दीताका संयुक्त अधिराज्यमा जन्मेका आदम स्मिथ 'द वेल्थ अफ नेसन' मार्फत विश्व चर्चामा रहे र छन् पनि। पूँजीवादी अर्थतन्त्रको आधारशिला तय गरेका स्मिथ न आफू राजनीतिमा संलग्न भए न त त्यहाँका कुनै राजनीतिक दलहरूले उनलाई आफ्नो समर्थकको बिल्ला भिराए। त्यसरी नै बीसौं शताब्दीमा बीसको दशकको अन्ततिर अमेरिकामा जन्मेका नोमचोम्स्की, जसलाई आधुनिक भाषा विज्ञानका पिता, राजनीतिक समालोचक तथा चिन्तकका रूपमा परिचित छन्, उनले समेत आजीवन न कुनै राजनीतिक दलसँगको आवद्धताका बारेमा सोचे न त कुनै राजनीतिक दलले नै। तथापि, यी दुवै व्यक्तिहरूलाई त्यहाँका राज्यहरूदेखि राजनीतिक दलहरूले लाखापाखा गरेनन्, बरू उच्चसम्मानका साथ तिनको विचार मार्फत आर्थिक, भाषिक तथा राजनीतिक नीतिहरू तय गर्दै आएका छन् ।

यी त केवल प्रतिनिधि उदाहरण मात्र हुन्। विकसित देशहरूमा बौद्धिक समुदायले आफूलाई दलीय कार्यकर्ता तथा जनता भन्दा राज्यका सम्मानित नागरिकका रूपमा परिचित गराउँछन्। राज्य तथा राजनीतिक दलहरूले पनि उनीहरूलाई दलविशेषका संघ/संगठनहरूमा विभक्त नगराई स्वतन्त्र नागरिकका रूपमा चित्रण गर्दछन्। यहाँ प्रस्तुत गरिएका तीनवटा नामहरूः कार्यकर्ता, जनता र नागरिक नितान्त फरक-फरक व्यक्तिहरूलाई इङ्गित गर्न खोजिएको छ । कार्यकर्ता कुनै पनि दलविशेषमा अन्धभक्त रूपमा आबद्ध हुन्छन् । लोकतान्त्रिक नजर वा संस्कारमा हुर्केका हरेक व्यक्तिलाई जनता मान्न सकिन्छ । तर, संस्कारयुक्त उच्चस्तरको चेतना सहित स्वतन्त्र रूपमा राज्यलाई योगदान पुऱ्याउने र राज्य तथा राजनीतिक दलहरू कर्तव्यविमुख भएका बेला सचेतनापूर्वक मार्गनिर्देशन गर्ने व्यक्तिहरू नै नागरिक हुन सक्दछन् । यहाँ नागरिकका रूपमा तिनै बौद्धिक समुदायलाई स्मरण गर्न सकिन्छ ।

बौद्धिकताको सांसारिक नजरबाट हेर्दा हाम्रो बौद्धिक समुदाय दलीयकरणको दलदल सहित अदल-बदलमा लिप्त भएको आभास हुन्छ। र ाणा र राजाकालीन समयमा हाम्रो बौद्धिक समुदाय यो वा त्यो रूपमा उनीहरूकै गुणगानमा लाग्यो। स्वतन्त्र विचार सहित सामाजिक सुधारका पक्षमा वकालत गर्ने कतिपय बौद्धिकहरूले तत्कालीन राज्यपक्षबाट दण्डित हुनुपरेको इतिहास छ । २०४६/४७ सालको जनआन्दोलनसँगै राज्यपक्षबाट बौद्धिक समुदायलाई हेर्ने नजरमा आमूल परिवर्तन हुने सोच गरि एको थियो। तर, हाम्रो विडम्बना; राज्यपक्ष तथा राजनीतिक दलहरूबाट त्यसभित्र जबरजस्त रूपमा दलीय राजनीति प्रवेश गराउने काम भयो। परिणामस्वरूप, हाम्रा प्राध्यापक, शिक्षक, कर्मचारी, कानुनविद्, पत्रकार, चिन्तक, विश्लेषक आदि सबै र ाजनीतिक दलविशेषमा विभक्त भए। नयाँ-नयाँ ज्ञान-विज्ञानको खोज-अनुसन्धान, उत्पादन, संरक्षण र प्रसारण तथा राज्य व्यवस्थालाई दिशानिर्देश गर्नमा लाग्नुपर्ने बौद्धिक समुदाय दलविशेषका विचारहरूमा लगाउने काम भइरहेको छ ।

त्यति मात्र हैन उनीहरूको स्वतन्त्र विचार र स्वतन्त्र नागरिक अधिकारलाई समेत बन्धक राख्ने काम भएको छ । प्रकारान्तरले नेपालको बौद्धिक समुदायलाई दलीय राजनीतिको चौघेराबाट बाहिर निस्कन नदिनु लोकतान्त्रिक मूल्यमान्यताको बर्खिलाप हो। दलीय राजनीति राजकाजको साधन हो, त्यो यथार्थ हो; तर सबैथोक हैन त्यो पनि यथार्थ हो। लोकतान्त्रिक व्यवस्थामा राजनीति मार्फत सफलता प्राप्त (साध्य) गर्न त्यहाँ विद्यमान रहेको बौद्धिक जनशक्तिको उचित कदर सहित सदुपयोग नहुँदाको परिणाम हामीकहाँ जगजाहेरै छ।

सर्वत्र दलीयकरणका कारण हिजोआज न्यायालयहरूमा न्यायिक गुणस्तर, शिक्षालयहरूमा शैक्षिक गुणस्तर, सरकारी तथा गैरसरकारी कार्यालयहरूमा जनउत्तरदायी सेवाको गुणस्तर, पत्रकारितामा सूचना सम्प्रेषणको गुणस्तर आदि सबै ओरालिंदो क्रममा छन्। परिणामस्वरूप, नेपाल प्रतिभा पलायन (ब्रेनड्रेन) र अर्थतन्त्र पलायनको अखडा बन्दै गएको छ। तथापि, राजकीय राजकाजमा लीन भएका स्थापित दल र तिनका नेताहरूलाई यसबारेमा कत्ति पनि चिन्ता र चासो लागेको देखिंदैन। आखिर लागोस् पो किन? मुट्ठीभर कार्यकर्ताहरू जयजयकार गर्ने छँदैछन्। पुस्तौं पुस्तासम्मलाई पुग्ने सम्पत्ति जोडेकै छन्। तर, अब जो-जसले सुरू गरे पनि नेपालमा बौद्धिकताको परिभाषा भने फेरिनै पर्दछ। त्यसका लागि प्रथमतः दलीय राजनीतिको दलदलबाट बौद्धिक समुदायलाई राज्यले अलग राख्ने प्रयास गर्नुपर्दछ। पेशागत रूपमा संचालनमा रहेका प्राध्यापक, शिक्षक, कर्मचारी, पत्रकार, कानुन व्यवसायी, विद्यार्थी, आदिका संघ-संगठनहरूको यथाशीघ्र बन्ध्याकरण गरिनुपर्दछ ताकि तिनीहरू पूर्णतया आ-आफ्नो पेशागत विकासमा लागिपरून् र राज्यलाई आवश्यक पर्दा नयाँ विचार, सोच, ज्ञान, आदि निरपेक्ष रूपमा प्रदान गर्न सकून्।

त्यति मात्र हैन, राज्यका निकायहरूमा पदाधिकारी नियुक्त गर्दा समेत राजनीतिक विचारका आधारमा भन्दा उनीहरूको योग्यता, कार्यदक्षता, क्षमता र भावी सोचपत्र तथा कार्यदिशाका आधारमा नियुक्त गरिनुपर्दछ । यसो गर्न सके मात्र बौद्धिकताको उचित कदर सहित निष्प्रभावित हुँदै गएका राज्यका अंगहरूले पुनर्जीवन प्राप्त गर्दै नेपालमा सुशासनको प्रत्याभूति भएको मानिनेछ । अन्त्यमा,

*बाँकी पेज ३ मा*

# खाना खुवाउँदा बालबालिकालाई मोबाइल देखाँदा के हुन्छ ?

अहिले घरघरको कहानी नै बनिरहेको छ बालबालिकालाई मोबाइल देखाएर खाना खुवाउने। बच्चालाई खाना खुवाउनुअघि उसलाई मनपर्ने कार्टुन देखाउने वा गेम खेल्न दिने बानी नै भइसकेको छ। यसो गर्दा बालबालिका मोबाइलमा भुल्लिने र खाना खुवाउन सहज हुने ठान्छन् अभिभावक।

तर के यसरी बच्चालाई मोबाइल देखाएर खाना खुवाउनु सही हो ? यसरी खाना खुवाउँदा बच्चालाई केही नकारात्मक असर पर्छ कि पर्दैन ?

पोषणविद् कामना आचार्य भन्छिन्, 'मोबाइल देखाएर खाना खुवाउँदा वा खाँदा तत्काल मात्रै होइन दीर्घकालीन रूपमा पनि असर गर्छ। किनकि तिनीहरूले भोक लागे पनि नलागे पनि खाना खाएका हुन्छन्।'

यसरी खाना खुवाउँदा खानामा भन्दा मोबाइलमा बालबालिकाको ध्यान हुन्छ। जे खुवाए पनि खाएको थाहा हुने तर के खाँदैछु र स्वाद कस्तो छ भन्ने कुरा उनीहरूलाई थाहा हुँदैन। जसले रुचि नभएका खानेकुरा पनि खाने र पेट टन्न भए पनि खाइरहने पोषणविद् आचार्य भन्छिन्।

## रुचि नभए पनि खाना खाँदा पचाउन सकिन्छ ?

रुचि नभएका खानेकुरा खाँदा बच्चाले निल्न त सक्ने तर पचाउन नसक्ने आचार्य बताउँछिन्। 'बालबालिकालाई खाना खुवाउँदै गर्दा वा खुवाइसकेपछि वाकवाक गर्ने, वान्ता गर्ने गर्छ। यसरी खुवाउँदा खाना पचाउन नसकेर पेट गडबड हुने तथा अन्य स्वास्थ्य समस्या हुन सक्छ,' उनी भन्छिन्, 'यस विषयमा अभिभावकले खासै ध्यान दिएको देखिँदैन। अभिभावकलाई जसरी हुन्छ खाना खाए पुग्ने मानसिकता छ।' मनोविद् डा. दिलीप श्रेष्ठ मोबाइल वा

**मोबाइल, टेलिभिजन वा ल्यापटप देखाएर खाना खुवाउने बानीले बच्चा अत्यधिक रिसाउने, जिद्दी हुने, आफ्नो इच्छा पूर्ति गर्न जे पनि गर्ने, निराश हुनेजस्ता समस्या आउने मनोविद् श्रेष्ठ बताउँछन्**

टीभी देखाएर खुवाउनु स्वास्थ्यवर्द्धक नहुने बताउँछन्। यसलाई टक्सिन (विष) अभ्यास भनिन्छ। 'खाना रमाएर खानुभन्दा पनि मोबाइलमा भिडियो हेरेर रमाएको हुन्छ। त्यसैले उसले के खाएको भन्ने नै थाहा हुँदैन। उसले खाना खाएर शरीरलाई चाहिने पोषक तत्व प्राप्त गरे पनि पाचन प्रक्रिया भने सहज हुँदैन,' डा. श्रेष्ठ भन्छन्।

मोबाइलमा बच्चाले कस्तो भिडियो हेरेको हुन्छ भन्ने कुराले पनि फरक पर्छ। खाना पचाउनका लागि चाहिने इन्जाइम विकास हुन सक्दैन। यसबाट पाचन प्रक्रियामा गडबडी हुने डा. श्रेष्ठ बताउँछिन्।

## खाना र दिमागको सम्बन्ध हुन्छ ?

खाना र मस्तिष्कबीच अटुट सम्बन्ध हुने मनोविद् श्रेष्ठ बताउँछन्। 'पेटमा भोकको महसुस भए पनि दिमागले खानाको माग गर्छ। खानाअघि आउँदा मुखमा पानी आउने र उत्साहित हुने हुन्छ, उनी भन्छन्, 'स्वाद लिएर पचाउन पनि सजिलो हुन्छ। किनकि खाना पचाउन आवश्यक इन्जाइम उत्पन्न गर्छ दिमागले।'

मनोविद् श्रेष्ठका अनुसार मोबाइल देखाएर खाना खुवाउँदा बालबालिकाको दिमाग एउटै ठाउँमा केन्द्रित हुन सक्दैन। खाना खान लागेको भनेर पहिल्यै नै सचेत नहुँदा खाना खाँदा शरीरमा खाना पचाउन निस्किनुपर्ने इन्जाइम अर्थात् पाचन रस जति चाहिने वा त्यति निकाल्न सक्दैन। त्यसले गर्दा पाचन प्रक्रियामा गडबडी हुन सक्छ। मोबाइलमा हिंसात्मक, आक्रामक दृश्य हेरिरहेको छ भने त्यसले दिमागमा तनाव सिर्जना गर्छ। यसले गर्दा शरीरमा कोर्टिसोल हार्मोन अर्थात् तनाव हार्मोन उत्पन्न हुन्छ। यसले पाचन प्रक्रिया गडबड गर्ने, मुटुको चाल बढ्ने, रक्तसञ्चारमा गडबड हुने समस्या ल्याउँछ।

## मोबाइल हेरेर खाना खुवाउँदा पर्ने दीर्घकालीन असर

मोबाइल, टेलिभिजन वा ल्यापटप देखाएर खाना खुवाउने बानीले बच्चा अत्यधिक रिसाउने, जिद्दी हुने, आफ्नो इच्छा पूर्ति गर्न जे पनि गर्ने, निराश हुने, उत्साहित नहुने, एउटै ठाउँमा ध्यान केन्द्रित गर्न नसक्ने, सोच्ने क्षमता कमी हुने, स्मरण शक्तिमा कमी हुनेजस्ता समस्या आउने मनोविद् श्रेष्ठ बताउँछन्।

यस्तै समाजमा घुलमिल नहुने, पाचन प्रक्रियामा असर पर्ने समस्या पनि यसले निम्त्याउँछ।

## कसरी खुवाउने बच्चालाई खाना ?

खाना खानेबेला वयस्कलाई जस्तै बालबालिकामा पनि भोक जाग्नुपर्ने पोषणविद् आचार्य बताउँछिन्। खाना खाँदा खानामा मात्र ध्यानकेन्द्रित हुनुपर्ने, खाना के खाएँ र के खाँदैछु भन्नेमा जानकार हुनुपर्ने उनी सुझाउँछिन्।

त्यस्तै खाना राम्रोसँग चपाएर, निल्दासम्म आनन्दपूर्वक खाने, सकेसम्म खान खाने नियमित र निश्चित समय छुट्याउनुपर्छ। 'तर आजभोलि भोक लागे पनि नलागे पनि बालबालिकालाई खुवाउने गरिन्छ। जुन एकदम गलत बानी हो,' आचार्य भन्छिन्।

# शिशुको आँखामा गाजल लगाउने कि नलगाउने ?



जन्मिएको केही महिनापछि शिशुलाई आँखामा गाजल लगाइदिएर चिटिक्क पार्ने चलन छ। त्यसै त बच्चा सुन्दर हुन्छन्, गाजलले झनै 'क्युट' देखिन्छन् उनीहरू। गाजल लगाइदिनाले आँखामा चिसो नपस्ने र आँखा पनि ठूलो हुन्छ भन्ने सोच समाजमा देखिन्छ। तर यो कति सही छ त ?

शिशुको आँखामा गाजल लगाइदिन जरूरी नभएको बाल नेत्ररोग विशेषज्ञ डा. सुजाता भण्डारी बताउँछिन्। 'आँखा त्यसै सुन्दर हुन्छ, बच्चाको आँखामा गाजल लगाउन जरूरी हुँदैन। यसले आँखामा विभिन्न समस्या ल्याउन सक्छ,' उनी भन्छिन्।

पछिल्लो समय भएका अध्ययनले पनि नवजात शिशुको आँखामा गाजल लगाउनु हानिकारक हुनसक्ने देखाएका छन्।

'आँखामा गाजल लगाउँदा चिसो नपस्ने भन्ने कुरामा पनि सत्यता छैन,' डा. भण्डारी भन्छिन्, नवजात शिशुको आँखा धेरै संवेदनशील हुन्छ। यस्तो अवस्थामा गाजल लगाउँदा त्यसमा हुने रसायनको प्रयोगले बच्चालाई हानि पुऱ्याउन सक्छ।'

गाजल लगाउँदा आँखा रातो हुने, पोल्ने, संक्रमण हुने समस्या आउँछ। गाजलले आँसु आउने बाटो अवरुद्ध पार्ने भएकाले झन् धेरै आँसु बग्ने समस्या बढ्ने डा. भण्डारी बताउँछिन्। गाजलले कोही कोही बच्चामा एलर्जीसमेत गराउँछ।

अझ बजारमा किनेको गाजलमा अत्यधिक केमिकल हुने भएकाले आँखादेखि शरीरका अन्य अंगमा पनि क्षति गर्न सक्ने डा. भण्डारी बताउँछिन्।

## कोर्नियल अल्सरको जोखिम

डा. भण्डारीका अनुसार गाजल लगाउने क्रममा कर्निया पनि ड्यामेज हुने सम्भावना हुन्छ। कर्नियामा लगातार क्षति पुगेमा कोर्नियल अल्सरको जोखिम हुन्छ।

गाजलमा हुने लिड कार्बन जस्ता केमिकल हुन्छ, जसलाई टिकाउन तेल पनि प्रयोग हुन्छ। 'यो आँखाको लागि जोखिमयुक्त मानिन्छ,' डा. भण्डारी भन्छिन्।

## घरेलु गाजल सुरक्षित हुन्छ ?

कतिपयले घरमा प्राकृतिक सामग्रीबाट बनेको काजल सुरक्षित हुने विश्वास गर्छन्। तर घरमा बनाएको प्राकृतिक गाजल होस् वा बाहिरको कुनै पनि किसिमको गाजल बच्चाको आँखाको लागि सुरक्षित नहुने डा. भण्डारी बताउँछिन्। 'वास्तवमा बच्चाको छाला निकै संवेदनशील हुन्छ। सानो लापरवाहीले पनि संक्रमण हुन सक्छ। गाजल लगाउँदा हात वा सिन्काकै प्रयोगबाट पनि कीटाणु आँखामा पर्न सक्छ,' उनी भन्छिन्।

त्यसैले आँखालाई राम्रो बनाउने चक्करमा आँखा बिग्रिन सक्ने हुँदा गाजल नलगाउन उनी सुझाउँछिन्।

## तपाईं कार्यकर्ता.....

बौद्धिक समुदाय राज्यको साझा सम्पत्ति हो। यसलाई दलविशेषको सीमाभित्र राखेर नजरबन्द गरिनुहुँदैन। त्यसो गर्दा राज्यको दायरा स्वयंमा संकुचित हुनगई नवीनतम ज्ञान-विज्ञानको खोज-अनुसन्धान, ज्ञानको उत्पादन तथा प्रसारणमा समेत प्रतिकूल असर पर्ने हुन्छ। सम्भव भएसम्म यसलाई अन्तर्राष्ट्रिय जगतमा झैं राजनीतिक दलहरू भन्दा पृथक् तर सापेक्षित नजरबाट व्यवहार गरिनुपर्दछ। आशा छ, नेपालको बौद्धिक समुदायले समेत दलीय राजनीतिको दलदलबाट आफू टाढा रहने प्रयत्न गर्नेछ।

*(लेखक जयपृथ्वी बहुमुखी क्याम्पस, बझाङका उप-प्राध्यापक हुन्।)*






# राक्सिराङ सरकारको 'घर उपहार'का लागि निवेदन नै परेन

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकाले गाउँपालिकाभित्र बसाइँ सरी आउनेलाई घर उपहार दिने योजनामा एकजनाको पनि निवेदन नपरेको पालिकाले जनाएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ बाट राक्सिराङ गाउँपालिकाले बसाइँसरी राक्सिराङ आउनेलाई प्रतिघर ५ लाख रूपैयाँ पर्ने कम्तिमा दुईकोठे घर निर्माण गरिदिने निर्णय गरेको थियो ।



गाउँपालिकाको तथ्याङ्क अनुसार हालसम्म एकजना पनि राक्सिराङमा बसाइ सरी गएका छैनन् । गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत नीति तथा कार्यक्रममा अन्यत्रबाट गाउँपालिकाभित्र बसाइँ सरी आउन आकर्षित गर्न 'सुन्दर समाज हाम्रो सार, बसाइँसरी आउनेलाई घर उपहार' कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो । यतिबेला विकास गाउँमा पुगेको छ तर, मानिसको बसाई सहरकेन्द्रित बन्दै गएको छ । गाउँसभामा गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा घर कस्तो प्रकारको हुने र कति लागतको हुने भन्ने कुरा गाउँपालिकाले बनाउने कार्यविधिमा निर्भर हुने बताइएको थियो । सोही निर्णयअनुसार नै गाउँपालिकाले गत फागुन १६ मा र ाक्सिराङ गाउँपालिकाम बसाइँ आउनेलाई घर उपहार कार्यक्रम सम्बन्धी १५ दिने सूचना जारी गरि एको थियो ।

घर उपहारका लागि पालिकाले विभिन्न मापदण्ड बनाएको थियो । तर, सूचना जारी गरेको म्याद सकिँदासम्म एकजना पनि घर उपहार लिन नआएको गाउँपालिकाका शाखाअधिकृत गोविन्द अधिकारीले बताए । फोन सम्पर्क गरेर बुझ्नु भएको थियो । हामीले त्यसका लागि सबै मापदण्डबारे जानकारी गरायौं । उनले भने,–'उहाँले पनि निवेदन दिन आउनु भएन ।' गाउँपालिकामा बसाइँसरी आउने भन्दा जाने धेरै रहेको उनको भनाई छ । अधिकारीका अनुसार गाउँपालिकाबाट हरेक वर्ष १ सय ८५ जनाभन्दा धेरै बसाइँसरी जाने गरेको छ । घर उपहार दिँदा पनि बसाइँसरी नआउनु दुःखद भएको राक्सिराङ गाउँपालिका अध्यक्ष र मल्लले बताए ।

सबैजना सहरमुखी हुनका साथै सुविधा खोज्ने बहानामा सुगमक्षेत्रमा बसाइँसरी जाने गरेको बताए । हरेक वर्ष गाउँपालिकाबाट धेरै मात्रामा बसाइँसराइँ हुने गरेको र त्यसलाई रोक्न गाउँपालिकाले घर उपहार दिने निर्णय गरेपनि एकजना पनि नआएको अध्यक्ष मल्लले बताए । दुर्गम क्षेत्रमा जति विकास भएपनि सुविधा छैन भन्ने मानसिकताले पनि बसाइँसराई हुने गरेको उनको भनाई छ । विगतको तुलनामा हेरेर गाउँपालिकामा धेरै विकास भएको छ । विगतमा सिटामोलसम्म नपाईने पालिकामा अस्पताल बनेको छ । हरेक वडामा स्वास्थ्यचौकी निर्माण भएको छ । मावितहसम्म पढाई हुने गरेको छ भने पालिकामा बाटोघाटो निर्माण हुनका साथै खानेपानीको सुविधाहरू पुगको छ । अध्यक्ष मल्लले भने,–'दुईवटा वडाबाहेक सबै वडामा बिजुली पुगेको छ । अहिले दुःख गर्न नचाहने सहरमुखी हुँदा र ऐलानी जग्गामा भएपनि अन्यत्र बसाइँसरी जाने हुँदा यस्तो अवस्था सिर्जना भएको हो जस्तो लाग्छ ।' अध्यक्ष मल्ले राक्सीराङ गाउँपालिका भन्ने बित्तिकै दुर्गम गाउँपालिका सोच्ने र पालिकामा पछिल्लो समय धेरै विकास भइसकेको भन्ने जानकारी नहुँदा पनि बसाइँसरी आउनेको संख्या शुन्य रहेको बताए ।

# रैथाने बाली संरक्षणमा

## मकवानपुरका पालिकाहरुको अग्रसरता

◆ विकास संवाददाता

रैथाने बाली जोगाउनका लागि मकवानपुरका स्थानीय तहहरू लागिपरेका छन् । बिशेषगरी मकवानपुर गढी गाउँपालिका, भीमफेदी गाउँपालिका रैथाने बाली जोगाउनका लागि लागिपरेका हुन् ।

मकवानपुरको मनहरी गाउँपालिका, बकैया गाउँपालिकाले पनि रैथाने बालीमा जोड दिन थालेको छ । आधुनिक प्रविधिको विकास र बसाइँसराइको कारण मकवानपुरमा रैथाने बाली संरक्षणमा चुनौती बढेकोले पनि स्थानीय सरकारको पहलमा रैथाने बाली जोगाउनका लागि स्थानीय सरकार लागिपरेको हो । एक दशक अगाडिसम्म मकवानपुरको ग्रामीण क्षेत्रमा खेती हुने कोदो, सिमी, फापर, जौ, उवालगायतका खाद्य बाली पछिल्लो समय निकै कम हुने गरेको छ। खेती कम हुन थालेसँगै उत्पादन पनि घटेको छ।

किसानलाई रैथाने बाली खेतीतर्फ आकर्षित गर्नका लागि मकवानपुरगढी र भीमफेदी गाउँपालिकाले कृषकलाई प्रोत्साहन गर्न थालेको छ। रैथाने बाली बिक्री गर्दा पालिकाले थप रकम समेत दिने गरेको मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङतान बताउँछन् । किसानलाई नयाँ प्रविधिसँग जोड्ने र पुराना खेतीलाई पनि संरक्षण गर्ने गरी कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

रैथाने बालीले बजार र उत्पादनअनुसारको मूल्य नपाउँदा किसान मर्कामा पर्दै आएका थिए। उन्नत जातका खाद्य बाली फस्टाउन थालेपछि कृषकले पनि रैथाने बाली खेती गर्न छोड्दै गएका हुन्। परम्परागत बाली गाउँको पाखो बारीमा उत्पादन हुने गर्थे। तर पछिल्लो समय ती बाली उत्पादन हुने बारी वनमाराले ढपक्क ढाकिएका छन् । खेती भइरहेका बारीमा पनि फलफूललगायत अन्य नगदेबाली लगाइएको छ ।

स्वादिष्ट र स्वास्थ्यका लागि फाइदाजनक पुरानो बाली संरक्षण बजारीकरणका लागि गढी गाउँपालिकाले बजेट विनयोजन गरेर किसानलाई प्रोत्साहित गर्दै आएको हो । मकवानपुरका ग्रामीण क्षेत्रबाट बजार झर्ने बढेपछि रैथाने बाली संरक्षण गर्न नसकिएको र यसको संरक्षण गर्नका लागि थप रकम गाउँपालिकाहरूले सहयोग गर्दै आएका हुन् ।

# मनहरीमा मोटरेवल पुल शिलान्यास

◆ विकास संवाददाता



मकवानपुरको पश्चिमी क्षेत्र मनहरीमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले २५६ मिटर लामो मोटरेवल पुल शिलान्यास गरेका छन् । मनहरी गाउँपालिका-९ र ५ जोड्ने रजैया-दरदरा मोटरेवल पुलको शिलान्यास गरिएको हो ।

पुल निर्माणका लागि प्रदेश सकारले बजेट विनियोजन गरेपनि डीपीआर, निकुञ्ज क्षेत्रमा परेकोलगायतका समस्याका कारण काम अघि बढ्न सकेको थिएन । प्रदेश सरकार गठन भएलगत्तै निर्माणको योजना अघि बढाएर पनि लामो समयदेखि बन्न नसकेको यो पुल अब बन्ने निश्चित भएको हो । मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकारले विकास निर्माणका कामलाई उत्पादनसँग जोड्ने रणनीति अनुसार काम गरिरहेको बताए । विकास निर्माणका कामलाई उत्पादनमुखी ढंगबाट अघि बढाएर आर्थिक समृद्धिमा अग्रसर हुने सरकारको लक्ष्य रहको उनले सुनाए । कृषि, पर्यटन तथा उद्यमशीलतामा भूमिका खेल्ने गरी विकास निर्माणका काम अघि बढाउने प्रदेश सरकारको योजना रहेको उनको दाबी छ ।

प्रदेश सरकारका तर्फबाट पुल निर्माणका लागि बजेट सुनिश्चितता भएको गाँउपालिका अध्यक्ष रञ्जन कालाखेतीले जानकारी दिए । नागरिकको गुनासो र दवाव तथा सरोकारवालाको पहलका बीच प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ बजेटमा पुल निर्माणका लागि बजेट विनियोजन गरिएको उनले बताए । पूर्वाधार विकास कार्यालय चितवनमार्फत् कार्यान्वयन गरिएको यो पुल निर्माण योजनाका लागि २४ करोड ७ लाख ९१ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको छ ।

बिटी/आरएस जेभी निर्माण कम्पनीले ३ वर्ष भित्र पुल निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको पूर्वाधार विकास कार्यालय चित्तवनका प्रमुख वीरेन्द्र चौधरीले जनाएका छन् । शिलान्यास कार्यक्रममा बागमतीका भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल, सामाजिक विकासमन्त्री कुमारी मोक्तान, पूर्वस्वास्थ्य मन्त्री विरोध खतिवडा, प्रदेश सासंद एकालाल श्रेष्ठ, संविधानसभा सदस्य र ाजाराम स्याङ्तान, मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर, गाउँपालिका निवर्तमान अध्यक्ष एकराज उप्रेती, पुल सरोकार समितिका अध्यक्ष रामप्रसाद कालाखेतीलगायतको आतिथ्यता थियो ।

# मनहरी गाउँपालिकामा बालश्रम मुक्त अभियान

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकामा बालश्रम निबारणमा क्षेत्रगत अबधारणा र स्थानिय तह तथा शिक्षकको भुमिका बिषयक प्रशिक्षण गोष्ठि भएको छ । गाउँपालिकाको उपाध्यक्ष सिता पुलामी मगर (रेखा)को सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत रमेश सुबेदि, दिगो बिकाश लक्ष्य ८ दशमलब ७ का लागि नागरिक समाज संजाल बागमती प्रदेशको अध्यक्ष तथा बाल कल्याण समाज का अध्यक्ष प्रकाश खतिवडा, ग्लोबल मार्च को कार्यक्रम प्रबन्धक एन्जेला सोलानो डोन्सेल, स्वतन्त्रता अभियानको कार्यक्रम प्रबन्धक प्रतिक्षा केशी, पालिकाको शिक्षा शाखा प्रमुख, साकाजिक शाखा प्रमुख, बिभिन्न बिधालयका शिक्षकहरू, पालिकाको बिभिन्न शाखाको प्रमुख हरूको आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रम बाल कल्याण समाज मकबानपुर, स्वतन्त्रता अभियान र ग्लोबल मार्चको संयुक्त आयोजना तथा मनहरि गाउ पालिकाको सहकार्यमा सम्पन्न भएको थियो ।

कार्यक्रममा श्रोत ब्यक्तीको रूपमा बाल अधिकारकर्मि आत्माराम थापाले सहजिकरण गर्नु हुदै बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यबिधि २०७७ मा भएको मुख्य ब्यबस्थाहरू, बाल श्रम अन्त्यको लागी यस अघि तयार पारिएको कार्ययोजनाको समिक्षा समेत गरिएको थियो । मनहरी गाउँपालिकाको उपाध्यक्ष सिता पुलामी मगरले पालिकाबाट बाल श्रम मुक्त गर्न कार्य गरिरहेको बताउनु हुदै छिमेकि पालिकाबाट बालबालिकाहरू बाल श्रम गर्न मनहरी पालिककामा आएकोले समस्या भएको बताए । उनले तीनै तहको सरकार बिच समन्वय भएमा छिटो बाल श्रम मुक्त, बाल बिबाह मुक्त, सबैका लागी शिक्षा निशुल्क गराउन सकिने भएको ले संघिय र प्रदेश सरकारले नितीगत र कार्यक्रममिक तहमा सहकार्य गर्न पनी आग्रह गरे । उनले बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधी २०७७ अनुरूप पालिकाले कार्य गर्ने बताउँदै विकासका साझेदार संस्था र नागरिक समाज संजालहरूलाई सहकार्यको लागी आग्रह समेत गर्नु भएको थियो ।

यसै गरि पालिकाको प्रमुख प्रशासकिय अधिकृत रमेश सुवेदीले स्थानीय सरकार र नागरिक समाज बिचको सहकार्यबाट बालश्रम मुक्त गर्ने अभियानमा पालिकाले सफलता हासिल गर्दै गएको बताउँदै बालश्रम अन्त्यको लागी कार्ययोजना बनाउन सहकार्य गर्दै कार्यगत एकता गरिने उल्लेख गरे ।



# थाहानगरका न्यायिक समितिलाई क्षमता अभिवृद्धि पुर्नताजगी तालिम

◆ विकास संवाददाता

न्यायिक समिति क्षमता अभिवृद्धि गर्ने उद्देश्यले थाहा नगरपालिकामा तीन दिने न्यायिक समितिलाई क्षमता अभिवृद्धि पुर्नताजगी तालिम दिइएको छ । थाहा नगरपालीका थानाबजारको गंगा होटलको सभाहलमा आयोजित कार्यक्रममा न्यायिक समितिले गर्ने काम र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नगरपालिका भित्र रहेका मेलमिलाप केन्द्रका संयोजक तथा सदस्यहरूको तालिममा सहभागीता रहेको थियो ।

थाहा नगरपालिका न्यायिक समिती संयोजक भरत गोपालीको सभाध्यक्षतामा भएको थियो । तालिम उद्घाटन कार्यक्रमको प्रमुख अतिथी प्रमुख अतिथी नगर प्रमुख विष्णु बहादुर विष्ट रहेका थिए । प्रमुख अतिथी नगर प्रमुख विष्टले न्याय सम्पादनमा न्यायिक समिति र मध्यस्थकर्ताहरूको भुमिका एवम अधिकारको बारेमा सहजीकरण हुनुपर्नेमा जोड दिदै  कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट न्यापूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यको निर्माण गर्नका लागि स्थानीय नेतृत्व सबल र सक्षम हुन जरूरी रहेको औल्याए ।

न्यायिक समिती संयोजक उपप्रमुख भरत गोपालीले न्यायका लागि मेलमिलापको माध्यम उपयुक्त भएको भन्दै यसको व्यापकता र प्रभावकारिता मेलमिलापकर्तामा निर्भर रहने बताए ।



मेलमिलापबाट समाधान गरिएका विवादहरू कार्यान्वयन गर्न प्रभावकारी र हने हुनाले मेलमिलाप प्रक्रियालाई नगरपालिकाले प्राथमिकता साथ अवलम्वन गर्नुपर्ने आवश्यकता उनले औल्याए । थाहा नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सुचिकृत मेलमिलापकर्ता लाई तालिमको आयोजना गरियको न्यायीक समितीका सहजकर्ता गोपी कार्कीले बताइन् ।

तालिममा प्रशिक्षक जगन्ननाथ सुवेदी र सिताराम अधिकारीले हिंसा न्यूनीकरण गर्न न्यायिक समितिले हालसम्म गरेका उल्लेखनीय कार्यहरूको बारेमा जानकारी लिदै न्यायिक समिति र मध्यस्थकर्ताहरूले न्याय सम्पादनमा खेल्नुपर्ने भूमिकाका बारेमा सहजीकरण गर्ने छन । कार्यक्रममा न्यायिक समिती सदस्यहरू बम बहादुर सिन्तान, अनिता बल, वडा नम्बर १ का कार्यवाहक वडा अध्यक्ष सरोज प्रधान, कार्यपालिका सदस्य पवित्रा सिं ठकुरीलगायत नगरपालिका भित्रका मेलमिलाप सहजकर्ताहरूको उपस्थिति रहेको थियो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहलाई सामान्य प्रकृतिका मुद्दामा फैसला गर्ने र केही विवादमा मेलमिलाप मात्र गराउन पाउने गरी दुई किसिमको क्षेत्राधिकार दिइएको छ । सामान्य प्रकृतिका पारिवारिक, समाज तथा छरछिमेकमा परिरहने किसिमका विवाद निरूपणको जिम्मा पनि स्थानीय तहको न्यायिक समितिलाई दिइएको छ ।

संविधानको धारा २१७ मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरूपण गर्ने व्यवस्था छ ।

## विद्यार्थीहरुलाई “गोल सेटिङ” तालिम

◆ विकास संवाददाता

पालुङ जेसीजले कक्षा १२ का विद्यार्थीहरूलाई "गोल सेटिङ" तालिम प्रदान गरेको छ । ८ चैतमा पालुङ जेसीजले जनकल्याण माविको कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूलाई "गोल सेटिङ" तालिम प्रदान गरिएको हो ।

पालुङ जेसीजका अध्यक्ष निरज रायमाझीको अध्यक्षतामा र जनकल्याण माविका प्रधानाध्यापक तथा पालुङ जेसीजका पूर्व अध्यक्ष सानोभाइ कार्कीको प्रमुख आतिथ्यतामा भएको तालिममा ५८ जना विद्यार्थीहरू सहभागी थिए । पालुङ जेसीजका पूर्व अध्यक्ष कुमार नेगीले सहजीकरण गर्नु भएको तालिममा पूर्व अध्यक्ष सुरेन्द्रमान प्रधानले लक्ष्य प्राप्तिका लागि "गोल सेटिङ" तालिम प्रभावकारी हुने भएकोले विद्यार्थी केन्द्रीत गरिएको बताए ।

तालिमको औपचारिक कार्यक्रममा कार्यकारी उपाध्यक्ष मान सिं दोङले स्वागत मन्तव्य व्यक्त गरे । कार्यक्रममा पूर्व अध्यक्षहरू जयराम खत्री, मनोज रायमाझी, निवर्तमान अध्यक्ष संगम कार्कीलगायतको आतिथ्यता थियो ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई  खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि टयाङ्की ब्यबस्थापनको लागि टयाङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।

# थाहा-११ का अग्निपीडित लामालाई १ लाख ३० हजार सहयोग



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ११ मालागिरीका आगलागी पीडित सुरेन्द्र लामा थोकरलाई पेट्रोलियम ढुवानी व्यवसायीहरूले आर्थिक सहयोग गरेको छ । ३ चैत्रमा पीडितलाई आगलागी घरमै पुगी नेपाल पेट्रोलियम चालक संघ, नेपाल यातायात मजदुर संगठन बागमती प्रदेश र थोकर ढुवानी सेवाबाट संकलित १ लाख २० हजार ८ सय १० रूपियाँ हस्तान्तरण गरिएको हो ।

सो संस्थाहरूबाट संकलित रकम हस्तान्तरण गर्दै प्रमुख अतिथि थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले सहयोगी सबैमा धन्यवाद दिदै अप्ठेरोमा परेका सबैलाई सहयोग गर्ने संस्कार सबैले सिक्नु पर्ने बताए । थाहा ११ मालागिरीका सुरेन्द्र लामाको घर २४ फागुनमा विद्युतीय तार सर्ट भएको आगजनी भएको हो । आगजनीले लामाको घर र सम्पूर्ण सामान पूर्ण रूपले नष्ट भएको छ ।

यसैबीच मकवानपुर थाहा नगरपालिका वडा नम्बर ११ मालागिरीका अग्नि पीडित सुरेन्द्र लामालाई मोबाइल व्यवसायी सुविन्द्रमान प्रधानले आर्थिक सहयोग गरेका छन् ।

थाहा नगरपालिका ४ थानाबजार स्थित खुसी एण्ड समृद्धि मोवाइल हाउसका सञ्चालक थाहा-१ ओखरबजार निवासी प्रधानले ३० फागुनमा पीडितको घरमै पुगेर नगद १० हजार सहयोग गरेका हुन् । प्रधान थाहानगर उद्योग वाणिज्य संघका सदस्य, पालुङ जेसीजका कानुनी सल्लाहकार र मोवाइल एसोसिएसन अफ मकवानपुर उत्तरी क्षेत्रका सचिवसमेत रहेका छन् ।

# एमाले थाहा ९ नम्बर वडा कमिटीले जनवर्गीय संगठनहरू विस्तार गर्ने

◆ विकास संवाददाता



नेकपा एमाले थाहा ९ नम्बर वडा कमिटीले जनवर्गीय संगठनहरू विस्तार गर्ने भएको छ । ८ चैत्रमा भएको वडा कमिटी बैठकले थाहा ९ मा जनवर्गीय संगठनहरू विस्तार गर्ने निर्णय गरेको हो । वडा कमिटी अध्यक्ष रमेश बलामीको अध्यक्षता र जिल्ला कमिटी सदस्य एवम् थाहा नगर सह-ईञ्चार्ज शशीधर सुवेदीको प्रमुख आतिथ्यतामा भएको बैठकले प्रत्येक महिनाको अन्तिम बुधबार वडा कमिटीको बैठक बस्ने समेत निर्णय गरेको छ ।

बैठकमा एमाले थाहानगरका नव निर्वाचित अध्यक्ष सुरेन्द्रमान प्रधान, सचिव सुजन रायमाझी, नगर कमिटी सदस्यहरू रामशरण नेपाल, रामकृष्ण कपाली, शशी कुमार लामालाई स्वागत तथा सम्मान गरिएको थियो । बैठकमा नगर अध्यक्ष प्रधानले वडा नम्बर ९ बाट निर्वाचित जनप्रतिनिधिहरूलाई सहज रूपले जनताको सेवामा समर्पित हुँदै विकास निर्माण र दैनिक प्रशासनिक कार्यमा सजग भएर काम गर्न सुझाव दिए ।

प्रमुख अतिथि सुवेदीले बिगतमा भएका कमी कमजोरीहरूलाई सच्याउदै पार्टी निर्माणमा जुट्न आग्रह गर्नु भयो । बैठकमा जिल्ला कमिटी सदस्य तथा ९ नम्बर ईञ्चार्ज हरि गोपाली, नगर सचिव रायमाझी, प्रदेश कमिटीका पूर्व सदस्य बुद्दरत्न मानन्धर, जिल्ला सल्लाहकार कमिटीका सदस्य लक्ष्मण रेग्मी, नगर कमिटीका पूर्व सचिव रामकृष्ण बस्नेतलगायतको आतिथ्यता थियो ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# विषादी प्रयोग र नियमन सम्बन्धी तालिम

◆ विकास संवाददाता

थाहा नगरपालिका भित्र एग्रोभेट सञ्चालकहरूलाई विषादी प्रयोग र नियमनका बारेमा जानकारी दिने उद्देश्यले थाहामा तीन दिने एग्रोभेट संचालक हरूलाई पुर्नताजगी तालिम सुरू भएको छ । थाहा नगरपालिका कृषि शाखाले पालुङ बहुउद्देश्यीय सहकारीको सभाहलमा तालिमको आयोजना गरेको हो ।

एग्रोभेट सञ्चालकहरू किसानहरूसँग प्रत्यक्ष जोडिएका हुनाले विषादीको प्रयोग र नियमनका बारेमा सरकारी निकायलाई भन्दा बढी जानकारी हुनु पर्ने भन्दै तालिमको आयोजना गरेको थाहा नगरपालिकाका कृषि विकास अधिकृत विकास सुनारले जानकारी दिए । तालिममा थाहा नगरपालिका कृषि विकास शाखा अन्तर्गत पालिका र वडा कार्यालयहरूमा रहेका कृषि प्राविधिकहरूको समेत सहभागिता रहेको छ ।

तालिममा प्लान्ट क्वारेनटिन एवम् विषादी व्यवस्थापन केन्द्रका बाली संरक्षण अधिकृत माधव भट्टले नेपालमा विषादीको अवस्था, कस्ता विषादीहरू प्रतिबन्धित रहेका छन् लगाएका विषयमा सहजीकरण गरिरहेका छन् ।

तालिममा थाहा नगरपालिका भित्र रहेर एग्रोभेट संचालन गरिरहेका संचालकहरूको सहभागिता रहेको छ । तालिम १५ गतेसम्म चल्ने थाहा नगर कृषि शाखाले जानकारी दिएको छ ।

# आयुर्वेदिक उपचारप्रति आकर्षण बढ्दै

◆ विकास संवाददाता

मकवानपुरमा आयुर्वेदिक उपचार प्रति आकर्षण बढ्दै गएको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र हेटौंडा मकवानपुर का अनुसार चालु आर्थिक वर्ष (आव) को सात महिनामा १५ हजार ३३९ जनाले सेवा लिएका छन् । जसमा महिला ७ हजार ७८७ र पुरूष ७ हजार ५५२ जनाले आयुर्वेदसम्बन्धी सेवा लिएका हुन् ।

चालु आवको सात महिनामा ५ हजार ५२९ महिलासहित १० हजार ७८९ जना नयाँ सेवाग्राही थपिएका छन् । चार हजार ५५० जना सेवाग्राही पुनरावृत्त हुनुभएको तथ्याङ्क छ । नयाँ र पुनरावृत्त भएका सेवाग्राहीको तथ्याङ्कले आयुर्वेदप्रति आकर्षण बढ्दै गएको देखिन्छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र हेटौँडा मकवानपुरका आयुर्वेद चिकित्सक डा.ललिता पाण्डेका अनुसार ६ महिना उमेर समूहको ३३ जना, ७ देखि ११ महिना सम्मको १७८ जना, १ वर्षदेखि ४ वर्षसम्मको ३७९, ५ वर्षदेखि १६ वर्षसम्मको ५४३ जनाले सेवा लिएका हुन् ।

त्यस्तै, १७ देखि ५९ वर्ष उमेर समूहका ८ हजार ४७३ जना र ६० वर्षमाथि उमेर समूहका ५ हजार ७३३ जनाले सेवा लिएका छन् । चालु आर्थिक वर्षको सात महिनामा १४ हजार ७१५ जनाले बहिरंङ सेवा, २ हजार ४७ जनाले पञ्चकर्म र पूर्वकर्म सेवा, २७५ जनाले शल्य चिकित्सक सेवा, एक हजार ४२१ जनाले जेष्ठ नागरिक सेवा लिएका छन् । दुई सय ६५ जनाले स्तनपायी आमा तथा शिशु सेवा, एक हजार ४५१ जनाले फिजियोथेरापी सेवा, १ हजार १९६ जनाले अकुपंञ्चर सेवा, एक हजार ३०३ जनाले प्रयोगशाला (ल्याब) सेवा र ९२४ जनालाई योग सेवा दिइएको छ ।

आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुर प्रमुख डा. पाण्डेका अनुसार विगतभन्दा दिन प्रतिदिन आयुर्वेदप्रति सेवाग्रहीको आकर्षण बढ्दै गएको छ । आयुर्वेदिक औषधीले अन्यभन्दा स्वास्थ्यमा कम असर गर्ने विश्वाससँगै यसतर्फ आकर्षण बढ्दै गएको हो ।

## उपभोक्ताप्रति सचेत बनौं !

- खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मूल्य आदि ढाँटेर वा झुक्याएर बिक्री वितरण गर्न,
- एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप गर्न गराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरुको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन,
- मिलिमतोमा महङ्गो मूल्य निर्धारण गर्न पाइदैन/हुँदैन ।

*यस्ता कार्य दण्डनीय भएकोले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खबर गरौं !*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## वन डढेलो सम्बन्धि जरुरी सूचना !

आगो एक असल नोकर हो भने खराब मालिक । आगोको सानो झिल्कोले वन डढेलोको रुप लिन सक्दछ । हाम्रो सानो लापर्वाहीले जनधनको क्षति भई ठूलो बिपत्ती निम्त्याउन सक्दछ । यस हिउँद यामको गर्मी र सुख्खा मौसममा डढेलो लाग्ने धेरै सम्भावना रहन्छ । सुख्खा हावा र हुरीबतासले यसलाई झन् बढाउँछ । आगो लाग्नै नदिनु आगलागी तथा डढेलोबाट बच्ने सर्वोत्तम उपाय हो । त्यसैले सावधान रहौं ।

### डढेलो रोकथाम तथा नियन्त्रण गर्ने उपायहरु:

१) हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं ।
२) सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरू बालबालिकाहरूबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
३) पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरू सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं ।
४) चुरोट, बिडीका बलेका ठुटा जथाभाबी नफालौं तथा राँको बालेर नहिंडौं ।
५) सल्लाको वन भएको क्षेत्रमा वन डढेलो नियन्त्रण गर्न विशेष ध्यान पुर्‍याऔं ।
६) वन क्षेत्रमा मानिसहरू हिंड्ने बाटोको दायँबायाँ तथा घरबारी वरिपरि रहेका सल्लीपिर(कुसम) पातपतिर जस्ता सजिलै बल्नसक्ने पदार्थहरूलाई हटाई सफा राखौं ।
७) पानीका मुहान, पोखरी, रहको सुरक्षा गरौं । आक्स्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राख्ने गरौं ।
८) गाउँटोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्बाट बचौं र बचाऔं ।
९) आगलागी भइहालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरून्त खबर गरौं । आफ्नो ज्यानको खतरा नहुने गरी वन डढेलो निभाऔं ।
१०) वनमा आगो लगाउनु दण्डनीय अपराध हो । डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारबाही गराऔं ।
११) चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।

**थाहा नगरपालिका**
विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर, मकवानपुर

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने बित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरूको पालना गरौं ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

**थाहा नगरपालिका**

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

**मुलुकी अपराध संहिता २०७४**

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी